बैठक नं १९२

आज मिति २०८२/०८/२२ गते विहान ८:०० बजे यस तादी गाउँपालिकाको अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँकार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री तेजिन्द्र गौतम | सचिव | |

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. उपभोक्ता समिति गठन सम्बन्धमा ।
३. राउचुली विश्रामघर आयोजना साथै अन्य आयोजना कार्यान्वयन सम्बन्धमा ।
४. डोटेलबेसी च्यानडाँडा मोटरबाटो सरसफाई सम्बन्धमा ।
५. तादी खोला मुहान गरी पोखरा खेत सिंचाई सम्बन्धमा ।
६. आ.व. २०८२/८३ को गणेश मन्दिर तथा पाटी संरक्षण शीर्षक सम्बन्धमा ।
७. वडाको कार्यालय सञ्चालन/व्यवस्थापन खर्च सम्बन्धमा ।
८. अमरज्योति मा.वि को नक्ससंशोधन सम्बन्धमा ।
९. खरानीटार प्रथामिक स्वास्थ्य केन्द्रलाइ १० शैयाको खरानीटार अस्पतालमा स्तरोन्नती गराउने सम्बन्धमा ।
१०. काल्चे स्वास्थ्य इकाई सञ्चालन सम्बन्धमा ।
११. डाँडाको पाटो देखि चामोट सडक मर्मत सम्बन्धमा ।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु सम्बन्धमा छलफल गरी समिक्षा गरियो । |
| २ | प्रस्ताव नं. २ उपर छलफल गर्दा मिति २०८२/६/२३ को कार्यपालिका बैठकबाट नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने रु.१० लाख भन्दा मुनिका योजनाहरु कार्तिक मसान्तसम्म उपभोक्ता समिति गठन गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय भएकोमा हालसम्म भएको प्रगतिको विषयमा समीक्षा गर्दै बाँकी योजनाहरु यथाशिघ्र उपभोक्ता समिति गठन गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस गाउँपालिकाको मिति २०८२/५/५ को परिपत्रका सम्बन्धमा यस तादी गाउँपालिकाको मिति २०८२/६/२३ बैठक नं. १९० को निर्णयका सम्बन्धमा यस पालिकाबाट आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत राउचुली विश्रामघर निर्माणमा रु. ३० लाख विनियोजन भएको उक्त आयोजना लाङटाङ राष्ट्रिय निकुञ्जभित्र निर्माण गर्नुपर्ने साथै श्री लाङटाङ राष्ट्रिय निकुञ्जको कार्यालयलाइ च.नं. १९१, मिति २०८२/५/५ मा आवश्यक सहजीकरणका लागि पत्राचार समेत गरिएको , भौगोलिक दृष्ट्रिले जटिल, परम्परागत सीप र प्रविधिको समेत प्रयोग गरी स्थानीय पदमार्गको अनुभव भएका |

| | |
|---|---|
| | समुदायहरुको सहभागितामा निर्माण गर्दा उपयुक्त हुने देखिएकोले उक्त आयोजना निर्माण उपभोक्ता समिति मार्फत कार्यन्वयन गर्ने साथै अन्य रु १० लाख माथिका आयोजनाको हकमा स्थानीय श्रम, सीप, स्रोत, साधन र जनसहभाहगिताबाट कार्यान्वयन गर्दा प्रभावकारी हुने देखिएमा लाभग्रही समुदाय मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो । |
| ४ | प्रस्ताव उपर छलफल गर्दा वडा नं ६ डोटेलबेसी च्यानडाँडा सम्मको सडकबाटो सरसफाईको लागि विपद शीर्षकबाट खर्च गर्ने गरी इस्टमेट गराई कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो । |
| ५ | प्रस्ताव उपर छलफल गर्दा वर्षादको समयमा तादी खोला मुहान गरी पोखरा खेत सिंचाई अवरुद्व भएको हुँदा उक्त सिंचाई सूचारु गर्न विपद शीर्षकबाट खर्च गर्ने गरी प्राविधिक इस्टिमेट गराई कार्यन्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| ६ | प्रस्ताव उपर छलफल गर्दा आ.व. २०८२/८३ मा गणेश मन्दिर तथा पाटी संरक्षण शीर्षकमा वजेट सिलिङमा रु १० लाख विनियोजन भएको तर उक्त मन्दिर निर्माणार्थ थप ५ लाख आवश्यक देखिएकोले आसन्न गाउँसभाबाट सुनिश्चित हुने र हाल रु १० लाख लागत अनुमान सहित स्वीकृत गरी कार्यान्वयन प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| ७ | प्रस्ताव उपर छलफल गर्दा विविध खर्च शीर्षकबाट वडा कार्यालयहरुको लागि साविकको वर्षमा झै रु १८ लाख विनियोजन भएकोमा प्रत्येक वडाहरुमा वार्षिक रु ३ लाखले प्रति महिना विविध खर्च (कार्यालय सञ्चालन समेत) रु १३००० र वडा समिति बैठक भत्तामा रु १२००० को दरले मासिक २५ हजार प्रति वडा विभाज़न गरी निकाशा/भुक्तानी/कार्यान्वयन गर्ने निर्णय गरियो । |
| ८ | प्रस्ताव उपर छलफल गर्दा श्री अमरज्योति मा.वि.को च.नं. १०९, मिति २०८२/८/२१ को पत्र बाट विद्यालयको स्वीकृत नक्सा संशोधनको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८२/८/८ मा भएको निर्णय सहित पेश भएको हुँदा उक्त विद्यालयको DPR अन्तर्गत Canteen Block को बिना पिल्लर ट्रसवाला भुईतले नक्सा यस पालिकाबाट स्वीकृत भएकोमा विद्यालय व्यवस्थापन समितिको निर्णय र विद्यालयको निवेदन अनुसार साविकमा स्वीकृत भएको नक्सामा परिवर्तन गरी पिल्लर सहितको RCC Structure को लागि नियमानुसार नयाँ नक्सा पास गर्ने कार्य अगाडी बढाउन सहमति दिने निर्णय गरियो । |
| ९ | प्रस्ताव उपर छलफल गर्दा खरानीटार प्राथामिक स्वास्थ्य केन्द्रलाइ १० शैयाको तादी आधारभूत खरानीटार अस्पतालमा स्तरोन्नती गरी आवश्यक जनशक्ति, उपकरण र प्रविधि उपलब्ध गराईदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौमा अनुरोध गर्ने निर्णय गरियो । |
| १० | प्रस्ताव उपर छलफल गर्दा काल्चे स्वास्थ्य इकाई सञ्चालनको लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न उर्लेनी स्वास्थ्य चौकीलाई आवश्यक समन्वय गर्ने निर्णय गरियो । |

| | |
|---|---|
| ११ | प्रस्तुत विषयमा डाँडाको पाटो देखि चामोट सडक खण्डमा पैरो तथा ढिस्को खसी यातायात अवरुद्ध हुन गएकोले उक्त सडक मर्मत तथा सफाई गर्न विपद् व्यवस्थापन कोषबाट रु. १४०००। विनियोजन गर्ने निर्णय गरियो । |